# दुहवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
प्रदेश नं. १, नेपाल

प. स. :- २०७८/०७९

च. नं. :-

मिति :- २०७८/११/१८

**विषय : संचालन अनुमति स्वास्थ्य व्यवसाय संचालन सम्बन्धी सूचना ।**

उपरोक्त सम्बन्धमा यस कार्यालयको मिति २०७८/०४/१५ गते प्रकाशित **"स्वास्थ्य व्यवसायको विवरण पेश गर्ने सम्बन्धी सूचना"** बमोजिम हालसम्म केही वडाहरुमा संचालनमा रहेको स्वास्थ्य व्यवसायी संस्थाहरुबाट विवरण पेश नभएको र सम्बन्धित अनुमति प्रदान गर्ने निकायमा दर्ता एवं संचालन अनुमति नलिइ अनाधिकारिक रुपमा गैर कानूनी प्रचार समेत गरी व्यवसाय संचालन गरेको भनी **"कोचिला खबर दैनिक समाचार–पत्र"** २०७८फाल्गुन १५ गतेको अंकमा समाचार समेत प्रकाशन भएको प्रति यस नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । तसर्थ, संचालन अनुमति नलिइ अनाधिकारिक रुपमा संचालन गरिएको व्यवसाय तत्काल बन्द गरी कानून बमोजिम सम्बन्धित अनुमति प्रदान गर्ने निकायमा दर्ता एवं संचालन अनुमति लिइ यस कार्यालयलाई सोको जानकारी गराइ संचालन गर्नुहुन सम्बद्ध सम्पुर्ण निजी/प्राइभेट स्वास्थ्य सेवा क्लिनिक, पोली क्लिनिक, औषधीको थोक तथा खुद्रा पसल, आयुर्वेदिक क्लिनिक तथा पसल, डेन्टल क्लिनिक/हस्पिटल, निजी/सामुदायिक हस्पिटललाई सूचित गरिन्छ ।

११/१८

दुहबी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,दुहबी
राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत